# समाज कल्याण केन्द्र, वृद्धाश्रम (पशुपति काठमाडौ) लाई  व्यवस्थापन करारमा दिने सम्बन्धमा गरिएको अध्ययन प्रतिवेदन

## १  पृष्ठभुमी :

वि.सं. १९३८ सालमा तत्कालिन राजा सुरेन्द्र वीर विक्रम शाहको पालामा "पञ्चदेवल पाठशाला" को रुपमा स्थापना भएकोमा २०३४ साल देखि पशुपति स्थित पंचदेवल भवनमा नेपाल सरकारको सांगठनिक संरचनामा रहेर समाज कल्याण केन्द्र, वृद्धाश्रम संचालनमा रहेको छ। यो एक मात्र सरकारी वृद्धाश्रम हो । समाज कल्याण केन्द्र वृद्धाश्रम पशुपतिको नामले परिचित विश्व सम्पदा सुचिमा परेको करिब १३३ बर्ष पुरानो यस भवन जीर्ण अवस्थामा रहेको छ । यसै सन्दर्भमा केन्द्रीय ज्येष्ठ नागरिक कल्याण समितिको तेस्रो बैठकको (मिति २०६९।०१।१५) निर्णय वमोजिम यस मंन्त्रालय (महिला, बालबालिका तथा समाज कल्याण) को मातहतमा संञ्चालित समाज कल्याण केन्द्र पशुपति वृद्धाश्रमलाई व्यवस्थापन करारवाट अध्ययन गर्ने सम्वन्धमा अध्ययन गर्नको लागि निर्णय भएको थियो । साथै केन्द्रीय ज्येष्ठ नागरिक कल्याण समितिको मिति २०७१।०२।२० गतेको चौथौ बैठकको निर्णय बमोजिम सो वृद्धाश्रमको व्यवस्थापन सेवा करारमा दिने सम्बन्धमा पुनः पहल गर्ने भनि निर्णय भएको भएता पनि सो सम्वन्धमा अध्ययन गर्ने काम भएन ।  मिति २०७२।०१।०६ गतेको केन्द्रीय ज्येष्ठ नागरिक कल्याण समितिका निर्णय बमोजिम सो वृद्धाश्रमको सेवा करारमा दिने विषयमा अध्ययन गरी प्रतिवेदन पेश गर्ने निर्णय भएकोले सो सम्वन्धमा अध्ययन गरी यो प्रतिवेदन तयार पारिएको छ ।

## २ अध्ययन विधिः

यो प्रतिवेदन तयार पार्ने क्रममा समाज कल्याण केन्द्र पशुपतिको वर्तमान अवस्थाको अध्ययन तथा अनुगमन, कार्यरत कर्मचारीहरुसंगको छलफल तथा अन्तरक्रियाका साथै सरोकारवाला निकाय तथा ब्यक्तिहरुसंग गरिएको छलफल तथा अन्तरक्रियालाई प्रमुख आधार वनाईएको छ ।

## ३ वर्तमान अवस्थाः

करिब २० रोपनी क्षेत्रफलमा वर्गाकार भवनको रुपमा अवस्थित यस वृद्धाश्रममा जम्मा २३० जना रहन सक्ने क्षमता रहेको छ । हाल महिला ११६, पुरुष ९५ गरी जम्मा २२१ जना ज्येष्ठ नागरिकहरुले आश्रय लिईरहेका छन् । यस केन्द्रमा स्थायी तथा अस्थायी गरि जम्मा २८ जना (बृद्ध कल्याण कोषवाट ब्यहोरिने २ जना समेत) कर्मचारी रहेका छन् (कर्मचारीको बिवरण अनुसूचीमा दिईएको छ) । तर कर्मचारीको कामको जिम्मेवारी बाँडफाड भने राम्रोसंग हुन सकेका देखिदैन । नेपाल सरकारवाट वार्षिक रुपमा वजेट विनियोजन हुने गरेको छ । यस वृद्धाश्रमको लागि आ.ब.२०७१।७२ मा रु १ करोड ३९

लाख बिनियोजन भएको । प्रति आश्रित प्रति महिना करिव रु ५०४०।– (खानामा करिव रु ३३६०।– र व्यवस्थापनमा करिव रु १६८०।–) खर्च लाग्ने गरेको ।

## ४ आश्रितहरुको अवस्थाः

कुल २३० जना क्षमता भएको यस वृद्धाश्रममा हाल जम्मा २११ जना (महिला ११६, पुरुष ९५) ले आश्रय लिईरहेका छन् । जसमा आफ्नो काम आफै गर्न सक्ने १२० जना, खासखास कामका लागि मात्र सहयोगिको आवश्यकता पर्ने ५१ जना र दैनिक कृयाकलापमा अरुको सहयोग आबश्यकता पर्ने (अशक्त) ४० जनाले सो वृद्धाश्रमको सेवा लिईरहेका छन् ।

## ५ बस्ने व्यवस्थाः

यस वृद्धाश्रममा वृद्धवृद्धाहरु बस्ने व्यवस्था ३ प्रकारले गरेको छ ।

आफ्नो काम आफै गर्न सक्ने वृद्धवृद्धाहरुलाई माथिल्लो तलामा, खासखास कामका लागि मात्र सहयोगिको आवश्यकता पर्ने वृद्धवृद्धाहरुलाई तल्लो तलामा र दैनिक कृयाकलापमा अरुको सहयोग आबश्यकता पर्ने (अशक्त) वृद्धवृद्धाहरुलाई छुट्टै बस्ने ठाउँको व्यवस्था गरिएको छ ।

## ६ भुकम्प पछिको अवस्था

२०७२ साल बैशाख १२ र २९ गतेको बिनासकारी भुकम्पको कारणले सो वृद्धाश्रमको उत्तरपट्टीको भाग क्षति भै त्यहा बसिरहेका ५० जना वृद्धवृद्धाहरुलाई खाना खाने डाईनिङ्गरुममा तथा जस्तावाट निर्मित सेड तथा अन्य कोठाहरुमा राखिएको छ ।

## ७ समाजकल्याण केन्द्र वृद्धाश्रम, पशुपतिमा भैरहेका कार्यहरु

### क) खानपानको व्यवस्थाः

विहानमा चिया, दैनिक दुई पटक भोजन (दाल, भात, सिजन अनुसारको तरकारी, विरामी भए जाउलो) र महिनाको दुईपटक मासुको व्यवस्था गरिएको । वृद्धाश्रममा सबै प्रकारको चाँडपर्व मनाइने गरेको र चाँडपर्वहरुमा फलफुल तथा मिठाईको ब्यवस्था भएको । दैनिक रुपमा खाजा र फलफूलको व्यवस्था नभएको तर दाताहरुको सहयोगमा वितरित विस्कुट तथा अन्य खानेकुराले यसको आवश्यकता महसुस नभएको । राशन ठेक्का मार्फत ठेकेदारद्वारा उपलब्ध हुने र भान्सेहरुले खाना तयार गर्ने गरेको । बार्षिक

करिव २७ लाख दाउरामा मात्र खर्च हुने गरेको । खानपानमा पोषणको हिसावले परिक्षण गर्ने नगरिएको र खानाको तालिका समेत ब्यबस्थित नभएको देखिन्छ । खाना तयारीका लागि वृद्धवृद्धाको सहभातितात्मक प्रतिनिधित्व (आज के तरकारी पकाउने, कस्तो दाल पकाउने जस्ता बिषयमा भान्सेलेनै निर्णय गर्ने गरेको) गर्ने नगरिएको । बिगतमा नाइके, नाइका रहने गरेकोमा हाल त्यस्तो व्यवस्था नगरिएको ।

यस केन्द्रमा दाताहरुको तर्फवाट विभिन्न तिथि तथा पर्वहरुमा वृद्धवृद्धाहरुलाई स्वेच्छिक भोजन गराउन ईच्छुक महानुभावहरु आउने गरेको देखिन्छ । दाताको तर्फवाट खाना खुवाउन चाहेमा एक छाक खाना वापत रु.१५,५००।– लिई खाना खुवाउन सक्ने व्यवस्था समेत रहेको । दाताले गराउने भोजनमा दही, अचार र दुध थप गरेर खुवाइने गरेको । हालको अवस्था हेर्दा वर्षमा तीन महिनाजती दातावाट सहयोग हुने गरेको । खानामा सहयोग गर्नेहरुलाई प्रशंसापत्र दिने गरिएको ।

**ख) लत्ताकपडाको ब्यवस्था** :

वृद्धवृद्धाहरुलाई मापदण्ड अनुसार लगाउने कपडा वर्षमा दुईपटक र सिरक डसना तीन वर्षमा एक पटक उपलब्ध गराउने गरेको । दाताले दिने ब्यलेङ्केट लगायतका अन्य सामाग्री सिधै आश्रितले लिने गरेको ।

**ग) मनोरञ्जनको व्यवस्था:**

भजन किर्तनको ब्यवस्था सहित वर्षमा एक पटक तिर्थाटन र वनभोज लाने गरेको । हलको अभाव रहेकोले दैनिक मनेरञ्जन, तथा ब्यायम गर्ने कार्यलाई त्यति ब्यवस्थित गर्न नसकिएको ।

**घ) सरसफाईको ब्यवस्था** :

- कार्यालयको २ जना कर्मचारी दैनिक सरसफाईमा लाग्ने गरेको देखिन्छ भने हाल एस ट्राभल्सबाट २ जना स्वयंसेवक सरसपलाईको लागि आउनेगरेका छन् । दैनिक रुपमा व्यक्तिगत, संस्थागत र विदेशीहरु समेत स्वंयम सेवकको रुपमा आई सरसफाई गर्ने गरेको ।
- सामाजिक सेवा अध्ययन केन्द्र (Social Work Institute) बाट प्रयोगात्मक कार्यका लागि पटक पटक गरी बर्षमा करिबकरिब ४०/५० जना सरसफाईको लागि आउने गरेको ।

- व्यक्तिगत रुपमा आउने स्वयंसेवकलाई सेवा गरेको नब्बे दिन पछि कार्य अनुभवको पत्र दिने गरेको ।

**ङ) स्वास्थ्य उपचारः**

वृद्धाश्रमको दरवन्दीमा रहेको एक जना अ.न.मी.बाट वृद्धाश्रममा नै नियमित रुपमा स्वास्थ्य परिक्षण तथा उपचार हुने गरेको । वृद्धवृद्धाहरुको स्वास्थ्य उपचारका लागि हप्तामा ३ पटक कुष्ठरोग निवारण केन्द्र गौशालावाट एकजना डाक्टर तथा २ जना नर्स स्वयंसेवकको रुपमा आउने गरेको । जटिल स्वास्थ्य समस्या आएमा अस्पताल लैजाने गरेको ।

**च) दाहसंस्कार र वार्षिक पूजा** :

वृद्धाश्रमका वृद्धवृद्धाहरुको मृत्यु भएमा गुठी संस्थानले दाहसंस्कार गर्ने गरेकोमा हाल मन्त्रालयको मिति २०७१।०५।०३ को निर्णय वमोजिम समाज कल्याण केन्द्र अर्न्तगत रहेको वृद्ध कल्याण कोषको रकमवाट प्रति मृतक रु ५०००।– केन्द्रले गुठी संस्थानलाई दाहसंस्कारको लागि उपलब्ध गराउदै आएको छ । वर्षमा एक पटक असार महिनामा मृतक आत्माको शान्तिका लागि पूजा लगाउने गरिएको छ ।

**छ) अक्षय कोष** : वृद्धाश्रमको नाममा एक अक्षयकोष रहेको र हाल यस अक्षयकोषमा करिव रु १ करोड २२ लाख नगद रहेको । यस अक्षयकोषमा दानदातब्य र विभिन्न कलेजबाट जेरियाट्रिक अभ्यास गर्न आउने विधार्थीको तर्फवाट कलेजवाट प्राप्त नगद जम्मा हुने गरेको । हाल अक्षयकोषवाट प्राप्त ब्याजको ९० प्रतिशत रकम वृद्धाश्रमको अत्याबश्यक कार्यमा खर्च गर्ने गरिएको ।

## ८) दाताबाट प्राप्त हुने दानको प्रकारः

वृद्धाश्रमका वृद्धवृद्धाहरुको लागि भोजन, लत्ता कपडा, खाद्यान्न, सुख्खा खाना (ड्राईफुडस) को अलवा नगद दान, डोनेशन बक्समा दान, बैंक खातामा नगद जम्मा, वृद्धाश्रम मर्मत तथा आवश्यक उपकरणहरु (ग्यास चुल्हो, सोलार यूपिएस, पानि बोरिङ्ग आदि जस्ता) समेत दानमा उपलब्ध हुने गरेको । डोनेशन बक्स बर्षमा २ देखि ३ पटक खोल्ने गरिएको । एक पटक खोल्दा करिव नगद रु ५ लाख भन्दा मथिनै हुने गरेको । दानवाटमात्र बर्षमा करिव २० लाखको हाराहारीमा नगद प्राप्त हुने गरेको देखिन्छ ।

विभिन्न कलेजबाट जेरियाट्रिक अभ्यास गर्न आउने विधार्थीका लागि प्रति कलेज १५ दिनको लागि रु. १५,०००। – र एक हप्ताको लागि रु.७,०००।– रकम लिई अक्षय कोषमा जम्मा गर्ने गरेको । तर दाताबाट लिने सहयोग सम्वन्धमा राम्रो व्यवस्थापन हुन सकेको देखिएन । यसको लागि सहयोग लिने मापदण्ड बनाउनु जरुरी देखिन्छ ।

## ९ वृद्धाश्रम अनुगमनः

महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय, योजना तथा सामाजिक सुरक्षा महाशाखाका सहसचिवको नेतृत्वमा अनुगमन मुल्याकंन तथ्याकं विश्लेषण तथा प्रकाशन शाखाका उपसचिव, ज्येष्ठ नागरिक संरक्षण शाखाका उपसचिव तथा अधिकृत समेतको टोलिवाट सो वृद्धाश्रमको सम्पुर्ण व्यवस्थापन र भौतिक अवस्थाको अनुगमन भएको ।

अनुगमनको क्रममा वृद्धाश्रमका भौतिक अवस्था निम्नानुसार रहेको पाइएको छ ।

- वृद्धाश्रमको उत्तरी भागको भवनमा बस्न नहुने गरि भुकुम्पवाट क्षति भएको, त्यस भागमा वसीरहेका करिव ५० जना वृद्धवृद्धाहरुलाई सुरक्षाको लागि पछाडीरहेको खाना खाने ठाँउ र टहरामा राखिएको ।
- दक्षिणीभागमा गारोले दलिन छाडेको, र त्यहाँ वस्न असुरक्षित भएको हुँदा त्यहाँ बस्ने वृद्धवृद्धाहरुलाई सुरक्षित ठाउँमा सार्नुपर्ने अवस्था देखिएको ।
- अपाङ्गता भएका वृद्धवृद्धाहरु बस्ने ठाँउ केही चर्किएको हुँदा साधारण मर्मत गरि राख्न सकिने अवस्था रहेको ।
- भवन विभागको बिज्ञवाट भवन जाँच हुदा भवन बस्न अयोग्य भनि रातो स्टिकर लगाएको ।
- कुनैपनि आश्रित अन्यत्र स्थानान्तरण हुन नमान्ने अवस्था रहेको ।

## १० वृद्धाश्रमका समस्याहरुः

वृद्धाश्रमका कर्मचारीहरुसंग अन्तरक्रिया गर्दा त्यहाँ मुख्य गरेर निम्नानुसारका समस्याहरु रहेको पाईयो ।

- भवनको समस्या, (तत्काल ५० जनालाई बस्ने ठाँउको व्यवस्था गर्नुपर्नेछ ।
- हस्पिटलमा कुरुवा बस्नेको समस्या,
- Staff Nurse एक जना मात्र भएकोले स्वास्थ्य सेवा प्रभावकारी वनाउन समस्या भएको,

- हल नभएकोले अन्य गतिबिधि लगायत मनोरञ्जनको कार्यक्रम गर्न समस्या रहेको,
- दाता मार्फत लिईने सहयोगको मापदण्ड नभएको,
- केही दाताहरुले सिधै आश्रितहरुलाई Donate गर्ने भएकोले दानलाई ब्यवस्थित गर्न नसकिएको,

## ११ सरोकारवालाहरुसंग छलफल तथा अन्तरक्रिया

अनुगमन टोलिद्ववारा वृद्धाश्रमको अनुगमन गरे पश्चात मिति २०७२।०३।०१ गते मन्त्रालयले सरोकारवालाहरुसंग छलफल तथा अन्तरक्रिया कार्यक्रम आयोजना गरिएको । स्थलगत अनुगमन र सरोकारवालाहरुसंगको छलफल तथा अन्तरक्रियामा निम्नानुसारको विषय उठान भएको ।

- भुकुम्पवाट भएको क्षतिका कारण पुरात्वत्विक संरचना भएकोले हालको स्थानमा वृद्धाश्रम संचालन गर्न तथा थप कुनैपनि रचनात्मक सुधार गर्न सकिने अवस्था नभएको हुँदा हाल वृद्धाश्रमलाई व्यवस्थापन करारमा दिन उपयुक्त नदेखिएकोले पछि उपयुक्त स्थानमा सो वृद्धाश्रम स्थानान्तरण गरी संचालन गर्दा यो विषयमा कारवाही अगाडी बढाउन उपयुक्त हुने ।
- अहिलेको अवस्थामा वृद्धाश्रमको सरसफाई र स्याहारकर्ताहरुको सेवालाई मात्र करारमा दिन सकिने ।

## ११ निष्कर्ष:

समाज कल्याण केन्द्र वृद्धाश्रम सम्बन्धमा अध्ययन, अनुगमन तथा सरोकालवालाहरुसंग छलफल तथा अन्तरक्रिया गर्दा भुकुम्पवाट भएको क्षतिको कारण हाल वृद्धाश्रम संचालनमा रहेको स्थानमा कुनैपनि संरचनात्मक निर्माण गरी तथा सोही स्थानमा वृद्धाश्रम संचालन गर्न समेत सकिने अवस्था नभएको हुँदा वृद्धाश्रमलाई तत्काल करारमा दिन उपयुक्त नदेखिएको । पछि उपयुक्त स्थानमा स्थानान्तरण भई सो वृद्धाश्रम संचालन गर्दा यो विषयमा कारवाही अगाडी बढाउन उपयुक्त हुने देखिन्छ । अहिलेको अवस्थामा केन्द्रको सेवालाई ब्यवस्थान करारमा दिनुपर्दा चरणवद्ध रुपमा वृद्धाश्रमको सरसफाई र स्याहारकर्ताहरुको सेवालाई मात्र करारमा दिन उपयुक्त देखिन्छ ।

## अनुसूची १ :जनशक्ति (कर्मचारी) :

| | |
|---|---|
| कार्यालय प्रमुख (रा.पं. तृतीय) | १ जना, |
| नायव सुब्बा | १ जना, |
| लेखापाल | १ जना, |
| अ.न.मी. | १ जना, |
| भान्से | ७ जना, |
| कार्यालय सहयोगी | २ जना, |
| टहलुवा | ६ जना, |
| कुचिकार | २ जना, |
| सुसारे | ७ जना, ( २ जना वृद्ध कल्याण कोषबाट तलव खाने) |

नोटः ५ जना सुसारेको पदपुर्ति भैनसकेको ।